मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, ऊर्जा र पूर्वधार"

बर्षः ६ | अङ्कः ३२ | मितिः २०८३ भदौ १०, बुधबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : विज्ञान पौडेल, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

शिक्षा | समिक्षा | सीप विकास | सेवा | विविध

## 'जलविद्युतको आम्दानी, उज्यालो मर्स्याङ्दीमा लगानी'




मर्स्याङ्दी गाउँपालिकाले मासिक ५० युनिटसम्म विद्युत् महसुल निःशुल्क गर्ने ऐतिहासिक कार्यक्रम अघि बढाएको छ।

अध्यक्ष अर्जुन गुरुङले जलविद्युतबाट प्राप्त आम्दानीलाई जनताको जीवनस्तर सुधारमा प्रत्यक्ष रूपमा लगानी गर्ने उद्देश्यले 'जलविद्युतको आम्दानी, उज्यालो मर्स्याङ्दीमा लगानी' को नीति अघि सारिएको बताउनुभयो। यस कार्यक्रमबाट स्थानीय नागरिकको विद्युत् खर्चमा राहत पुग्नुका साथै स्वच्छ ऊर्जाको प्रयोगलाई थप प्रोत्साहन हुने अपेक्षा गरिएको छ।

## मर्स्याङ्दी प्रवेशद्वार निर्माण सम्पन्न




मर्स्याङ्दी गाउँपालिका र बेसीशहर नगरपालिकाको सिमानामा निर्माण गरिएको मर्स्याङ्दी गाउँपालिका प्रवेशद्वार निर्माण सम्पन्न भएको छ।

अध्यक्ष अर्जुन गुरुङले प्रवेशद्वार केवल संरचना नभई मर्स्याङ्दीको पहिचान, संस्कृति, गौरव र आतिथ्यको प्रतीक भएको बताउँदै यसले गाउँपालिकामा प्रवेश गर्ने हरेक आगन्तुकलाई मर्स्याङ्दीको छुट्टै परिचय दिने उल्लेख गर्नुभयो।

## १० शैयाको मर्स्याङ्दी अस्पताल भवन हस्तान्तरण

मर्स्याङ्दी–७, डादीमा निर्माण सम्पन्न भएको १० शैयाको मर्स्याङ्दी अस्पताल भवन गाउँपालिकालाई औपचारिक रूपमा हस्तान्तरण भएको छ।

करिब रु. ६ करोड १८ लाख ७९ हजार लागतमा निर्माण भएको भवनमा आवश्यक उपचार कक्ष तथा आधारभूत पूर्वाधार तयार गरिएको छ।

अध्यक्ष अर्जुन गुरुङले अस्पताल भवन निर्माणसँगै अब आवश्यक जनशक्ति, उपकरण र सेवा व्यवस्थापनलाई प्राथमिकतामा राखेर अस्पताल सञ्चालनमा ल्याउने तयारी भइरहेको बताउनुभयो। यससँगै स्थानीय नागरिकले आफ्नै पालिकामा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अपेक्षा गरिएको छ।



## विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको क्षमता विकास तालिम सम्पन्न




विद्यालय व्यवस्थापनलाई थप प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउने उद्देश्यले विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूका लागि १ दिने क्षमता विकास तालिम सम्पन्न भएको छ।

तालिममा विद्यालय व्यवस्थापन समितिको भूमिका, शैक्षिक गुणस्तर सुधार, वित्तीय पारदर्शिता, योजना निर्माण, अनुगमन तथा मूल्याङ्कनलगायतका विषयमा प्रशिक्षण प्रदान गरिएको थियो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले विद्यालयको शैक्षिक सुधार केवल शिक्षक र विद्यालयको मात्र जिम्मेवारी नभई अभिभावक, व्यवस्थापन समिति, समुदाय र स्थानीय सरकार सबैको साझा दायित्व भएको बताउँदै विद्यालयको समग्र सुधारका लागि प्रभावकारी सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो।

## 'हाम्रो मर्स्याङ्दी: हाम्रो गौरव' प्रकाशनको तयारी



मर्स्याङ्दीमा जन्मिएर इतिहास, राजनीति, समाजसेवा, शिक्षा, स्वास्थ्य, कला, साहित्य, संगीत, खेलकुद तथा विकासका क्षेत्रमा योगदान पुऱ्याएका राष्ट्रिय व्यक्तित्व तथा सामाजिक अभियन्ताहरूको योगदान अभिलेखीकरण गर्न 'हाम्रो मर्स्याङ्दी: हाम्रो गौरव (भाग–१)' पुस्तक प्रकाशन गर्ने निर्णय भएको छ।

सामाजिक विकास समिति संयोजक तिलबहादुर गुरुङले मर्स्याङ्दीको इतिहास र गौरवसँग जोडिएका व्यक्तित्वहरूको योगदानलाई व्यवस्थित रूपमा अभिलेखीकरण गर्दै नयाँ पुस्तालाई प्रेरणा दिने उद्देश्याले पुस्तक तयार गर्न लागिएको बताउनुभयो।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले यस्ता दस्तावेजले मर्स्याङ्दीको इतिहासलाई भावी पुस्तासम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गर्नुभयो।

## शिक्षण सिकाइमा कथावाचन कार्यशाला सम्पन्न




सामुदायिक विद्यालयका पूर्वप्राथमिक तथा प्राथमिक तहका शिक्षकहरूको शिक्षण क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २ दिने कथावाचनसम्बन्धी कार्यशाला सम्पन्न भएको छ।

अध्यक्ष अर्जुन गुरुङले बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउन परम्परागत शिक्षण विधिसँगै सिर्जनशील र बालमैत्री शिक्षण पद्धतिको प्रयोग आवश्यक रहेको बताउनुभयो।

कार्यशालामा कथावाचनलाई शिक्षण–सिकाइसँग जोड्ने व्यवहारिक विधिबारे प्रशिक्षण प्रदान गरिएको थियो।

## 'हाम्रो मर्स्याङ्दी' पाठ्यपुस्तक विमोचन



स्थानीय पाठ्यक्रममा आधारित 'हाम्रो मर्स्याङ्दी' पाठ्यपुस्तक विमोचन भएको छ।

कक्षा १ देखि ८ सम्मका विद्यार्थीलाई मर्स्याङ्दीको इतिहास, भूगोल, संस्कृति, प्राकृतिक सम्पदा, पर्यटन, स्थानीय पेशा–व्यवसाय तथा जीवनोपयोगी ज्ञान प्रदान गर्ने उद्देश्यले पुस्तक तयार गरिएको हो।

अध्यक्ष अर्जुन गुरुङले विद्यार्थीलाई आफ्नै माटो, समाज, संस्कृति र पहिचानसँग जोड्ने उद्देश्यले स्थानीय पाठ्यपुस्तक तयार गरिएको बताउँदै यसले नयाँ पुस्तामा मर्स्याङ्दीप्रतिको अपनत्व र गौरव बढाउने विश्वास व्यक्त गर्नुभयो।

## वार्षिक समीक्षा तथा कार्यसम्पादन सम्झौता सम्पन्न



आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा तथा आर्थिक वर्ष २०८३/०८४ को प्रथम कार्यपालिका बैठक सम्पन्न भएको छ।



गत आर्थिक वर्षमा गाउँपालिकाको कुल बजेट खर्च ८२.७१ प्रतिशत रहेको समीक्षा कार्यक्रममा जानकारी गराइएको थियो।

अध्यक्ष अर्जुन गुरुङले विगतको कार्यसम्पादनबाट प्राप्त अनुभव र सिकाइका आधारमा आगामी वर्षलाई थप नतिजामुखी, पारदर्शी र जनउत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

त्यस अवसरमा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरूबीच कार्यसम्पादन सम्झौतासमेत गरिएको थियो।

## वार्षिक कार्ययोजना निर्माण सम्पन्न





आर्थिक वर्ष २०८३/०८४ को नीति, योजना तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न वार्षिक कार्ययोजना निर्माणसम्बन्धी गोष्ठी सम्पन्न भएको छ।

प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलले वार्षिक कार्ययोजनाले प्रत्येक शाखाको जिम्मेवारी, समयसीमा र अपेक्षित उपलब्धि स्पष्ट बनाउने भएकाले योजना कार्यान्वयन र अनुगमनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने बताउनुभयो।

## परम्परागत ज्ञान तथा सीप संरक्षणमा अन्तरक्रिया





आदिवासी जनजाति महिलाको भूमिकामार्फत परम्परागत ज्ञान, सीप, संस्कृति र मौलिकताको संरक्षण तथा पुस्तान्तरण गर्ने विषयमा अन्तरक्रिया सम्पन्न भएको छ।

अध्यक्ष अर्जुन गुरुङले मर्स्याङ्दीको मौलिक संस्कृति र परम्परागत ज्ञानलाई संरक्षण गर्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्नु सबैको साझा जिम्मेवारी भएको बताउनुभयो।

## स्थानीय उत्पादनमा आधारित अचार तथा आलु



मेड्पा अन्तर्गत सञ्चालित ७ दिने अचार तथा आलु चिप्स बनाउने सीप विकास तालिम सम्पन्न भएको छ।

उद्योग विकास शाखा प्रमुख दिपेन्द्र भण्डारीले स्थानीय उत्पादनलाई प्रशोधन तथा बजारीकरणसँग जोड्दै सीपलाई आयआर्जन र उद्यममा रूपान्तरण गर्न तालिम उपयोगी हुने बताउनुभयो।

## वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलता तालिम






वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप, अनुभव र पूँजीलाई स्वदेशमै उपयोग गरी उद्यम तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले २ दिने उद्यमशीलता प्रवर्द्धन तालिम सञ्चालन गरिएको छ।

अध्यक्ष अर्जुन गुरुङले विदेशमा सिकेको सीप र अनुभवलाई गाउँमै उद्यममा रूपान्तरण गर्न सके स्थानीय रोजगारी र आत्मनिर्भरताको आधार बलियो बन्ने बताउनुभयो।

## सुरक्षित वैदेशिक रोजगारी सेवामा जोड



वैदेशिक रोजगारीमा जाने तथा फर्किएका नागरिकका लागि स्थानीय तहबाट प्रदान गरिने सेवाहरूलाई थप सहज, सुरक्षित र प्रभावकारी बनाउने विषयमा अन्तरक्रिया सम्पन्न भएको छ।

अध्यक्ष अर्जुन गुरुङले वैदेशिक रोजगारीमा जाने नागरिकलाई सुरक्षित र सही सूचनासहितको सेवा उपलब्ध गराउनु स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी भएको बताउनुभयो।

## उद्घोषण तथा माइन्यूट लेखन तालिम सम्पन्न






पालिका स्तरीय महिला सञ्जालको आयोजनामा सञ्चालित २ दिने उद्घोषण तथा माइन्यूट लेखन तालिम सम्पन्न भएको छ।

तालिममा प्रभावकारी उद्घोषण, औपचारिक कार्यक्रम सञ्चालन तथा निर्णय/माइन्यूट लेखनसम्बन्धी व्यवहारिक ज्ञान र सीप प्रदान गरिएको थियो।

## आ.व. २०८२/०८३ को चौथों त्रैमासिक भत्ता वितरण





२०८३ साउन ५ देखि ११ गते सम्म पालिका भित्रको विभिन्न वडामा गई आ.व. २०८२/०८३ को चौथों त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

हिमालयन बैंक भुलभुले शाखा र मर्स्याङ्दी गाउँपालिका पञ्जीकरण शाखाको समन्वयमा भत्ता वितरण गरिएको हो। "वडाको विभिन्न गाउँटोलमा गई भत्ता वितरण गर्दा जेष्ठ नागरिक, अशक्त, असहायहरुलाई ठूलो राहत मिलेको छ", एम.आई.एस अपरेटर गौरव गुरुङले भन्नुभयो। यसरी आफ्नै घरआगँनमा भत्ता बुझ्न पाउँदा आफ्नो लागि स्थानीय सरकार भएको महसुस गरेको लाभग्राहीको भनाई छ।

## डाढी करिडोर सडक स्तरोन्नतिमा महत्वपूर्ण सहमति



डादी–ठूलीबेसी–नाइँचे सडकलाई तत्काल मर्मत तथा सफाइ गरी यातायात सहज बनाउने र दीर्घकालीन रूपमा स्तरोन्नति गर्ने विषयमा गाउँपालिका, जलविद्युत आयोजना तथा स्थानीय सरोकारवालाबीच महत्वपूर्ण सहमति भएको छ।

सडक स्तरोन्नतिका लागि कुल लागतको ६० प्रतिशत जलविद्युत आयोजना र ४० प्रतिशत गाउँपालिकाले साझेदारी गर्ने तथा तीन वर्षभित्र स्तरोन्नति सम्पन्न गर्ने सहमति भएको छ।

अध्यक्ष अर्जुन गुरुङले डादी करिडोरको सडक स्थानीय नागरिकको दैनिक जीवनसँगै जलविद्युत, पर्यटन र आर्थिक गतिविधिसँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण पूर्वाधार भएकाले सबै पक्षको सहकार्यमा यसको दीर्घकालीन समाधान खोजिएको बताउनुभयो।

प्राविधिक लागत अनुमान तयार गर्न पालिकाको इन्जिनियर सुरेश गौतमको संयोजकत्वमा प्राविधिक समिति गठन गरिएको छ।

## मर्स्याङ्दी पार्क तथा खुल्ला व्यायामशालाको प्राविधिक स्टिमेट तयार



मर्स्याङ्दी–३, जल्किनीमा निर्माण हुन लागेको मर्स्याङ्दी पार्क तथा खुल्ला व्यायामशालाको प्राविधिक स्टिमेट तयार भएको छ।

आर्थिक वर्ष २०८३/०८४ को बजेटबाट रु. ५० लाख विनियोजन गरिएको उक्त योजनाले स्थानीय नागरिकको स्वस्थ जीवनशैली, मनोरञ्जन तथा पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलले योजनालाई निर्धारित मापदण्डअनुसार गुणस्तरीय र व्यवस्थित रूपमा कार्यान्वयन गर्न प्राविधिक पक्षलाई प्राथमिकतामा राखिएको बताउनुभयो।



# कृषि यान्त्रीकरणमा ५० प्रतिशत अनुदान




कृषि क्षेत्रको आधुनिकीकरण तथा यान्त्रीकरणका लागि रु. ३४ लाख ५० हजार बजेटबाट कृषकलाई ६० हाते ट्याक्टरसहित विभिन्न कृषि उपकरण वितरण गरिएको छ।

कृषि विकास शाखा प्रमुख विनोद दाहालले कृषि यान्त्रीकरणले श्रम, समय र लागत घटाउँदै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो।



# सि.एस.आर मार्फत ३६ वटा सोलार बत्तीका लागि सहयोग




मर्स्याङ्दी ७ र ८ का विभिन्न स्थानमा रहेका २६ वटा सोलार बत्तीको मर्मत तथा १० वटा नयाँ सोलार बत्ती जडानका लागि सिनो हाइड्रो–सगरमाथा पावर कम्पनीबाट सि.एस.आर अन्तर्गत सहयोग प्राप्त भएको छ।

अध्यक्ष अर्जुन गुरुङले जलविद्युत आयोजना र स्थानीय सरकारबीचको सहकार्यबाट स्थानीय नागरिकको दैनिक जीवनमा प्रत्यक्ष लाभ पुग्ने कामलाई प्राथमिकता दिनुपर्ने बताउँदै सहयोगका लागि कम्पनीप्रति आभार व्यक्त गर्नुभयो।


यसबाट स्थानीय बस्ती तथा सार्वजनिक स्थलको प्रकाश व्यवस्था थप सुरक्षित र व्यवस्थित हुने अपेक्षा गरिएको छ।

# मर्स्याङ्दी गाउँपालिकामा भर्चुअल बैठकको सुरुवात



मर्स्याङ्दी गाउँपालिकाले आवश्यकता अनुसार छलफल तथा समन्वयलाई थप प्रभावकारी बनाउन आजदेखि मेसेन्जर ग्रुपमार्फत भिडियो मिटिङको सुरुवात गरेको छ।

गाउँपालिकाबाट प्रवाह हुने सेवा, विभिन्न योजना तथा कार्यक्रम, समसामयिक विषयलगायतका विविध विषयमा छिटो, सहज र प्रभावकारी रूपमा छलफल, समन्वय तथा सूचना–जानकारी आदानप्रदान गर्न भिडियो मिटिङ उपयोगी हुने अपेक्षा गरिएको छ।




यस प्रविधिको सुरुवात गर्दै गाउँपालिका अध्यक्ष अर्जुन गुरुङज्यूले आवश्यकता र विषयको प्रकृतिअनुसार सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरूसँग प्रत्यक्ष भिडियो संवादमार्फत छलफल गर्ने व्यवस्था अघि बढाउनुभएको हो। यसले समयको बचतसँगै गाउँपालिकाको सेवा प्रवाह, समन्वय र निर्णय प्रक्रियालाई थप चुस्त, छरितो र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ।







Website URL : marsyangdimun.gov.np
Facebook URL : https://www.facebook.com/marsyangdirm
Email: marysangdirm@gmail.com / info@marsyangdimun.gov.np